**संघीय संसद**
**राष्ट्रिय सभा**
**पाँचौं अधिवेशन**
**बैठक - ३**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ पुस १० गते बिहीबार**

संघीय संसद, राष्ट्रिय सभाको पाँचौं अधिवेशको तेस्रो बैठक सम्माननीय अध्यक्ष **गणेशप्रसाद तिमिल्सिना**को अध्यक्षतामा **बिहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले बैठकमा **विशेष समय**को कार्यक्रम नरहने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलले समसामयिक विषयमा बोल्नको लागि समय माग गर्नुभएको जानकारी गराउनु हुँदै उहाँलाई बोल्न समय उपलब्ध गराउनुभयो ।

माननीय उपप्रधान तथा रक्षा मन्त्री **ईश्वर पोखरेल**ले "गोकर्ण रिसोर्ट र नारायणहिटी सङ्ग्रहालयस्थित दरबारमार्ग अगाडि रहेको नेपाल ट्रष्टको सम्पत्ति व्यक्तिगत लाभका लागि व्यापारिक समूहलाई चलखेल गरी हस्तान्तरण गरिएको भन्ने धारणा विकसित हुँदै गएको" भन्ने माननीय सदस्यहरूले उठाउनुभएको विषयका सम्बन्धमा ती सम्पूर्ण कार्यहरू कानूनसम्मत भएको र यसप्रतिका आरोप निराधार रहेको बारे जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली (संशोधन सहित) २०७५ को नियम १९२ बमोजिम माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलले दिनुभएको वक्तव्यका सम्बन्धमा केन्द्रित रही प्रश्न सोध्न चाहने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. राधेश्याम अधिकारी　　२. मा. अनिता देवकोटा　　३. मा. सरिता प्रसाईं
४. मा. बद्री प्रसाद पाण्डे　　५. मा. रामपृत पासवान　　६. मा. प्रकाश पन्थ

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेललाई माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङलाई “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६” सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

लगत्तै, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले पेश गर्नुभएको “राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव माथि विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. जितेन्द्र नारायण देव　　२. मा. रामनारायण विडारी　　३. मा. उदया शर्मा/पौडेल

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुहुँदै “राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५" माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली (संशोधन सहित), २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल पुस १४ गते सोमबार दिनको १:०० बजे** बस्ने गरी **दिनको १२:१० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव